# स्थानीय राजपत्र

भुम्लु गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ४ | संख्या ३ | मिति २०७७ जेठ २९ गते

## भाग २

## भुम्लु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## सल्ले, काभ्रेपलाञ्चोकको

## सूचना

भुम्लु गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावना :** गाँउपालिकालाई प्राप्त हुने विशेष,सशर्त एवं समपुरक अनुदानका साथै गाँउपालिकाको वार्षिक रुपमा स्विकृत भई कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुबाट नियमअनुसार कट्टा गरी हुन आउने कन्टिजेन्सी रकमलाई व्यवस्थित,प्रभावकारी तथा उपयुक्त एवं मितव्ययी तरिकाले खर्च गर्न वाञ्छनिय भएकोले, स्थानिय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यस भुम्लु गाँउपालिकाले यो कार्यविधि स्विकृत गरी लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्विकृत भएको मिती देखी प्ररम्भ हुनेछ ।

२. **उदेश्य** : (१) कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि जारी गर्नुको मुख्य उदेश्यहरु देहाय बमोजिम रहेका छन ।

(क) योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी वापतको रकमलाई पारदर्शी र विधिवत रुपमा खर्च गर्न,

(ख) दफा ४ मा उल्लेखित क्षेत्रहरुमा मात्र कन्टिजेन्सी वापतको रकम खर्च गर्न

(ग) कन्टिजेन्सी वापतको रकमलाई एकिकृत रुपमा लगत राखी सो को योजना कार्यान्वयनमा सुव्यवस्थित तवरले खर्च गर्न

(घ) भैपरी आउने खर्चको व्यवस्थापन गर्न

(ङ) कन्टिजेन्सी वापतको रकमको यर्थाथपरक विवरण अभिलेखीकरण गर्न, आदी ।

३. <u>**कन्टेन्जेन्सी रकमको व्यवस्थाः**</u> (१) गाउँपालिकाको वार्षिक स्विकृत योजना तथा कार्यक्रमहरुको नियमानुसार कट्टा गरी हुन आउने रकम कन्टिजनेसी रकम हो । उक्त रकमलाई दफा ४ मा उल्लेख भए बमोजिमका शिर्षकहरुमा मात्र खर्च गर्न सकिनेछ ।

४. **खर्च गर्न सकिने क्षेत्रहरुः** (१) योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी कट्टा रकमलाई गाँउपालिकाले देहायका शिर्षकहरुमा मितव्ययी, पारदर्शी ढंगले खर्च गर्न सक्नेछ ।

(क) योजना अनुगमन तथा सुपरिवेक्षण एवं योजनासंग सम्बन्धित प्रशासनिक र वैठक भत्ता लगायत खाजा खर्च

(ख) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्रविधिक सामाग्री खरिद,

(ग) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च

(घ) तत्काल कार्यान्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरु

(ङ) गाँउपालिकाको निर्णय बमोजिम तोकिएको अन्य क्षेत्र

(च) लेखापरिक्षण सम्बन्धी खर्च

(छ) योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखीकरण तालिम, गोष्ठी कार्यक्रम संचालनमा लाग्ने खर्च

(ज) योजना तथा कार्यक्रमको अनुगमन तथा निरिक्षणका क्रममा भएको यातायात खर्च

(झ) स्थानिय तह वा अन्य निकायको योजना तथा कार्यक्रमको असल अभ्यासको सिको तथा अनुसरण गरि त्यस्ता असल अभ्यासलाई कार्यान्वयन गर्नका निमित्त गरिने अध्ययन तथा अवलोकन भ्रमण खर्च

(ञ) कार्यपालिकाले निर्णय गरेर खरिद गरिने आवश्यकता अनुसारका कार्यालय सामान

५. **कन्टिजेन्सी रकमको खर्च प्रकृति:** (१)योजना तथा कार्यक्रमको कुल कन्टिजेन्सी रकम मध्ये प्रशासनिक (चालु) अधिकतम ५५ र पुँजिगत अधिकतम ४५ प्रतिशतका दरले खर्च गर्न सकिनेछ ।

६. **कन्टिजेन्सी रकम एकिकृत तथा खर्च प्रणाली:** (१) गाँउपालिकाको वार्षिक स्विकृत बजेट तथा संघीय र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, विशेष तथा समपुरक अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरुको कन्टिनेन्सी वापतको रकमलाई आर्थिक वर्षको शुरुमा नै एकिकृत रुपमा

हिसाब गरि सो को लगत राखिनेछ । तर त्यस्ता योजना तथा कार्यक्रमको कन्टिजेन्सी वापतको रकम योजना तथा कार्यक्रमको कार्यान्वयन संगै खर्च गरिने व्यवस्था मिलाइनेछ ।

७. **थपघट, हेरफेर वा संशोधनः** (१)कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर गरि संशोधन गर्न सक्नेछ ।

८. **बाधा अडकाउ फुकाउने अधिकारः** (१) यस कार्यविधिको कार्यान्यनको सिलसिलामा कुनै बाधा अडकाउ परेमा सो फुकाउने अधिकार कार्यपालिकाको हुनेछ ।

(२) तर प्रचलित ऐन, कानुन, नियम र यस कार्यविधिको मुलभुत कुरालाई असर गर्ने गरि बाधा अडकाउ फुकाउने अधिकार प्रयोग गर्न सकिने छैन ।

९. **यसै बमोजिम भए गरेको मानिनेः** (१) यो कार्यविधि स्विकृत हुनु पूर्व योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी रकमबाट योजना कार्यान्वयनसंग सम्बन्धित भए गरेका क्रियाकलापहरु यसै कार्यविधि अनुरुप भए गरेको मानिनेछ ।

**आज्ञाले,**
**मदन कुमार बजगाई**
**प्रमुख प्रशासकीय अधिकृत**